## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या: ८१** **मिति : २०७६/०८/०८**

**भाग २**

**आठविसकोट नगरपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधिहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिका नगर प्रहरी (पहिलो संशोधन) विनियमावली, २०७६

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४९३८९९६९
९७४८५८३९३८


## आठविसकोट नगरपालिका नगर प्रहरी (पहिलो संशोधन) विनियमावली, २०७६

आठविसकोट नगरपालिका नगर प्रहरी विनियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ऐ ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर कार्यपालिकाले देहायका विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो विनियमको नाम आठविसकोट नगरपालिका नगर प्रहरी (पहिलो संशोधन) विनियमावली, २०७६ रहेको छ ।

(२) यो विनियमावली तुरुन्त लागू हुनेछ ।

२. **मूल नियमावलीको विनियम ४ मा संशोधन** :- विनियम ४ मा रहेको **"नगरसभा"** भन्ने शब्दको सट्टा **"नगर कार्यपालिका"** भन्ने शब्द राखिएको छ ।

३. **मूल विनियमावलीको विनियम ५ मा संशोधन** :- उपविनियम (३) मा रहेको **"तोकिए बमोजिम"** भन्ने शब्दहरुको सट्टा **"नगर कार्यपालिकाले तोके बमोजिम"** भन्ने शब्दहरु राखिएको छन् ।

४. **मूल नियमावलीको विनियम १० मा संशोधन** :- विनियम १० को उपविनियम (क) को (२) मा रहेको **"स्वीकृत विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तिर्ण गरेको"** भन्ने व्यवस्थाको सट्टा **"मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको"** भन्ने व्यवस्था राखिएको छ ।

५. **मूल विनियमावलीको विनियम १०६ मा संशोधन** :- विनियम १०६ मा रहेको **"यस विनियामवलीमा आवश्यक संशोधन आठविसकोट नगरपालिकाको नगर सभाबाट गर्न सकिनेछ ।"** भन्ने व्यवस्थाको सट्टा देहायको विनियम राखिएको छ;

**१०६. विनियमावली संशोधन** : यस विनियामवलीमा आवश्यक संशोधन आठविसकोट नगर कार्यपालिकाबाट गर्न सकिनेछ ।

२०७६।०८।०५

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत